आज मिति २०८१।१२।०३ गते आइतबारका दिन यस खोटेहाङ गाउँपालिकाको १५५ औं कार्यपालिकाको बैठक अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा बसि निम्न निर्णयहरु गरियो।

| हस्ताक्षर | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| | गाउँकार्यपालिका अध्यक्ष | श्री उदिम बहादुर राई | |
| | गाउँकार्यपालिका उपाध्यक्ष | श्री रुपेश राई | |
| | वडा अध्यक्ष १ नं वडा | श्री धन ब. महाराजी | |
| | वडा अध्यक्ष २ नं वडा | श्री पारस राई | |
| | वडा अध्यक्ष ३ नं वडा | श्री जेफर राई | |
| | वडा अध्यक्ष ४ नं वडा | श्री तिलक बहादुर बस्नेत | |
| | वडा अध्यक्ष ५ नं वडा | श्री किरण राई | |
| | वडा अध्यक्ष ६ नं वडा | श्री बसन्त राई | |
| | वडा अध्यक्ष ७ नं वडा | श्री शिव प्रसाद फयल | |
| | वडा अध्यक्ष ८ नं वडा | श्री चन्द्र बहादुर थापा | |
| | वडा अध्यक्ष ९ नं वडा | श्री ईन्द्र बहादुर राई | |
| | कार्यपालिका सदस्य | श्री अन्जु राई | अनुपस्थित |
| | कार्यपालिका सदस्य | श्री कमला विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री मिनाकला राई | |
| | कार्यपालिका सदस्य | श्री सुशिला राई | |
| | कार्यपालिका सदस्य | श्री फुर्वा शेर्पा | |
| | कार्यपालिका सदस्य | श्री मान बहादुर वि.क. | |
| | सदस्य सचिव | श्री महेश राई | |

## मिति २०८१ चैत ३ गते कार्यपालिकाको १५५ औं बैठकको प्रस्तावहरु

१) खोटेहाङ गाउँपालिकाको २०८२ सालको वार्षिकोत्सव मनाउने सम्बन्धमा
२) राजश्व सुधार कार्ययोजना, २०८१ को मस्यौदा सम्बन्धमा छलफल
३) सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन सम्बन्धमा
४) लघु, घरेलु तथा साना उद्योग प्रवर्द्वन तथा प्रविधि सहयोग कार्यक्रमको अनुदान रकम सम्बन्धमा
५) विविध

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं. १ माथि छलफल गदा खोटेहाङ गाउँपालिकाको आ.व. २०८१/०८२ को आठौं वार्षिकोत्सव समारोह संचालन कार्यक्रम देहायका बमोजिम हुने गरी आयोजना गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**सातौं अध्यक्ष कप, २०८२**

कप: खोटेहाङ गाउँपालिका भित्रको वडास्तरीय खुल्ला महिला तथा पुरुष भलिबल प्रतियोगिता, २०८२
संचालन मिति: २०८२।०१।१२ देखि १५ गतेसम्म
खेल: खुल्ला महिला तथा पुरुष भलिबल
स्थान: खोटेहाङ गा.पा.-०१, लिकुवापोखरी, बिचुलिटार
सह-आयोजक/संचालक: १ नं. वडा कार्यालय, लिकुवापोखरी

**निर्णय नं.२:** प्रस्ताव नं. २ को खोटेहाङ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना, २०८१ को संशोधित मस्यौदाको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल गर्दा यस अघि पालिकाबाट उक्त प्रतिवेदनमा देखिएका त्रुटी र सामान्य गल्तीहरु सच्याइ अन्तिम प्रतिवेद पेश गर्न भनि सुझाव दिइएकोमा सम्पूर्ण त्रुटि र गल्तीहरु सच्याइ अन्तिम प्रतिवेदन पेश गरेकोले सर्वसम्मत बाट खोटेहाङ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना, २०८१ पारित गर्ने निर्णय गरियो।

**निर्णय नं.३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिमा संचालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत चालू आ.व. २०८१।८२ मा विनियोजित बजेटबाट सम्पादन गर्नुपर्ने विभिन्न क्रियाकलापहरु लक्षित समय र उदेश्य बमोजिम संचालन नभइ ढिलासुस्ती भएको हुँदा आगामी दिनमा उक्त क्रियाकलापहरुलाई लक्षित समय र उदेश्य बमोजिम संचालन गर्नका निम्ति सम्बन्धित जिम्मेवार कर्मचारीहरुलाई २०८२ असार १५ गते सम्मको कार्यक्रम संचालन कार्य तालिका पेश गर्न लगाइ तत्कालै कार्यसम्पादन कार्य अगाडि बढाउन निर्देशन दिने निर्णय सर्वसम्मतले पारित गरियो।

**निर्णय नं.४:** प्रस्ताव नं. ४ माथि छलफल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको लघु, घरेलु तथा साना उद्योग प्रवर्द्वन केन्द्र मार्फत खोटेहाङ गाउँपालिका, खोटाङलाई लक्षित वर्ग तथा अन्य वर्गको लागि सिप विकास तथा प्रविधि सहयोग कार्यक्रमा रु १० लाख विनियोजन भएकोमा उक्त शीर्षको बजेटबाट खोटेहाङ गाउँपालिकामा "स्थानीय तहमार्फत लघु, घरेलु तथा साना उद्योग प्रवर्द्वन तथा प्रविधि सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८१ को बुँदा ७८.फलफूल प्रशोधन केन्द्र कार्यक्रम संचालन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**निर्णय नं.५: प्रस्ताव नं. ५** को विविध सम्बन्धमा छलफल र निर्णय गर्नुपर्ने कुनै विषय नभएकोले आजको बैठक यहीं समापन गरियो।